# सिलीचोङ गाउँपालिका

# स्थानीय राजपत्र

सिलीचोङ गाउँपालिकाद्वारा प्रकाशित

खण्डः ९, संख्याः २, श्रावण ०६ गते, २०८२ साल

### भागः १

## सिलीचोङ गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावनाः** सिलीचोङ गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्न, छुट दिन तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा(२) बमोजिम सिलीचोङ गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो ऐनको नाम "आर्थिक ऐन,२०८२" रहेको छ ।
   (२) यो ऐन सिलीचोङ गाउँपालिकाको स्थानिय राजपत्रमा प्रकाशन भएपश्चात् सिलीचोङ गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत/ सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत)**: गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूचि २ वमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । *(एकीकृत सम्पत्ती कर लगाएको अवस्थामा भूमि कर नलाग्ने)*

४. **घर जग्गा वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र सार्वजनिक, स्थानीय तहको नाममा रहेको, ऐलानी, पर्ती जग्गाको भोगचलन वापत र त्यस्ता जग्गामा रहेका हाट बजार, प्रदर्शनस्थल र ती ठाउँमा राख्न अस्थायी अनुमती लिएका पसल व्यवसायीहरुलाई अनुसूचि (४) वमोजिम बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

६. **सवारी साधन करः** (१)गाउँपालिका क्षेत्रभित्र दर्ता हुने र दर्ता भई प्रयोगमा रहेका टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतिय रिक्सा(ई-रिक्सा) र पावर ट्रिलरमा अनुसूचि- ५ वमोजिम सवारीसाधन कर लगाइने र असुल गरिनेछ ।

(२) प्रदेश कानून वमोजिम प्रदेश सरकारले लगाएको सवारी साधन कर प्रदेश सरकारले तोकेको कार्यालयमा नै बुझाउनुपर्नेछ ।

(३) उपदफा (२) वमोजिम संकलित रकम प्रदेश कानून वमोजिम बाँडफाँड गरि स्थानीय तहले प्राप्त गर्ने रकम गाउँपालिकाको संचित कोषमा दाखिला गरिनेछ ।

७. **पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर** : गाउँपालिका क्षेत्रभित्रका गाउँपालिकाले निर्माण गरेका तथा हस्तान्तरण भई गाउँपालिकाको स्वामित्वमा रहेका पूर्वाधार सेवाहरुको उपयोग गरेवापत अनुसूची- ६ वमोजिमको पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर असुल गरिनेछ ।

८. **मनोरञ्जन करः** (१) गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (७) बमोजिम प्रदेश सरकारले लगाएको दरमा मनोरञ्जन कर असुलउपर गरिनेछ ।

(२) उपदफा (१) वमोजिम मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जन स्थलको धनीले कर उठेको महिनाभन्दा पछिल्लो महिनाको २५ गते भित्र गाउँपालिकामा जम्मा गर्नुपर्नेछ ।

(३) उपदफा (१) वमोजिमको रकम गाउँपालिकाको विभाज्य कोषमा जम्मा गरि प्रदेश कानून वमोजिम बाँडफाँड गरिनेछ ।

(४) उपदफा (३) वमोजिम बाँडफाँड भएको रकम मध्ये प्रदेश कानून वमोजिम स्थानीय तहले प्राप्त गर्ने रकम गाउँपालिकाको संचितकोषमा दाखिला गरिनेछ ।

९. **विज्ञापन करः** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा प्रदेश कानून वमोजिम विज्ञापन कर लगाइने र असुल गरिनेछ ।

(२) गाउँपालिका क्षेत्र भित्र हुने विज्ञापनमा अनुसूचि-८ वमोजिम विज्ञापन कर लगाइने र असुलउपर गरिनेछ ।

(३) उपदफा (२) वमोजिमको रकम गाउँपालिकाको विभाज्यकोषमा जम्मा गरि प्रदेश कानून वमोजिम बाँडफाँड गरिनेछ ।

(४) उपदफा (३) वमोजिम बाँडफाँड भएको रकम मध्ये प्रदेश कानून वमोजिम स्थानीय तहले प्राप्त गर्ने रकम गाउँपालिकाको संचित कोषमा दाखिला गरिनेछ ।

१०. **व्यवसाय करः** (१) गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (०९) को खण्ड क बमोजिम व्यवसाय दर्ता र नविकरणमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) गत विगत वर्ष देखि नविकरण गर्न छुट भएका व्यवसायहरुको नविकरण गर्दा उपदफा (१) वमोजिमको व्यवसाय करको अतिरिक्त अनुसूची -०९ को खण्ड ख वमोजिम जरिबाना रकम समेत थप गरि असुल गरिनेछ ।

(३) गत आ.व. ०८१/०८२ सम्म दर्ता/नवीकरण भएका व्यवसायहरु २०८२ असोज मसान्त सम्ममा नविकरण गरेमा नविकरण शुल्कको १० प्रतिशतले हुने रकम एकमुष्ट रुपमा छुट गरिनेछ ।

(४) आ.व. २०७४/०७५ देखि आ.व. ०८०/०८१ सम्म नविकरण नगरेका व्यवसायीहरुले चालु आ.व. को असोज मसान्त भित्रमा नविकरण गरेमा वक्यौता रकममा एकमुष्ट ५०% छुट दिइनेछ ।

११. **अखेटोपहारमा लाग्ने कर** : गाउँपालिका क्षेत्रभित्र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तु तथा जडीबुटी, कबाडीमालको व्यवसायिक कारोबार गरेबापत अनुसूची-१० वमोजिमको कर लगाई असुल गरिनेछ ।

१२. **कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोबारमा लाग्ने कर:** (१) गाउँपालिका क्षेत्रभित्र हुने कृषि तथा पशुजन्य बस्तुको व्यवसायिक कारोबारको अनुमती तथा त्यस्तो व्यवसायिक कारोबारमा अनुसूची- ११ वमोजिम कर लगाई असुल गरिनेछ ।

(२) यस दफा वमोजिम कर तिर्ने दायित्व भएको व्यक्ती, संस्था वा निकायले नियमानुसार कर बुझाए/नबुझाएको सम्बन्धमा गाउँपालिकाले निरन्तर अनुगमन गर्नेछ।

(३) उपदफा (२) वमोजिमको अनुगमन गर्दा कर नबुझाएको पाइएमा त्यस्तो व्यक्ति, संस्था वा निकायलाई गाउँपालिकाले दण्ड जरिबाना गर्न सक्नेछ ।

१३. **घरजग्गा रजिष्ट्रेशन शुल्क** : (१) गाउँपालिका क्षेत्रभित्रको घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन पारित गरि स्वामित्व परिवर्तन भएका वखत प्रदेश सरकारले तोकेको अनुसूची-१२ वमोजिमको दररेटमा घरजग्गा रजिष्ट्रेशन शुल्क असुल गरिनेछ ।

(२) उपदफा (१) वमोजिम गाउँपालिकामा घरजग्गा रजिष्ट्रेशन शुल्क उठाउन आवश्यक पर्ने साधन, श्रोत, प्रविधि तथा जनशक्तीको व्यवस्थापन नभएसम्म नेपाल सरकारबाट तोकिएको कार्यालयमा घरजग्गा रजिष्ट्रेशन शुल्क असुल हुनेछ ।

(३) उपदफा (२) वमोजिम संकलित रकम प्रदेश कानुन वमोजिम बाँडफाँड गरी स्थानीय तहले प्राप्त गर्ने रकम गाउँपालिकाको संचितकोषमा दाखिला गरिनेछ ।

**१४. सेवा शुल्क, दस्तुर:** गाउँपालिकाले नेपालको संविधानको अनुसूचि- ८ वमोजिमका क्षेत्र र विषय तथा गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट देहायका अनुसूचीहरुमा उल्लिखित दरमा सेवा शुल्क तथा दस्तुर लगाई असुल गरिनेछ ।

| | |
|---|---|
| **क.** सरकारी सम्पत्ति बहालमा लगाए वापत | अनूसूचि १३ वमोजिम |
| **ख.** परिक्षा शुल्क | अनूसूचि १४ वमोजिम |
| **ग.** अन्य प्रशासनिक सेवा शुल्क | अनूसूचि १५ वमोजिम |
| **घ.** पार्किङ शुल्क | अनूसूचि १६ वमोजिम |
| **ङ.** नक्सापास दस्तुर | अनूसूचि १७ वमोजिम |
| **च.** सिफारिस दस्तुर | अनूसूचि १८ वमोजिम |
| **छ.** व्यक्तिगत घटना दस्तुर | अनूसूचि १९ वमोजिम |
| **ज.** नाता प्रमाणित दस्तुर | अनूसूचि २० वमोजिम |
| **झ.** अन्य दस्तुर | अनूसूचि २१ वमोजिम |
| ञ. रेडियो/एफ.एम. संचालन दस्तुर | अनूसूचि २२ वमोजिम |

१५. **पर्यटन शुल्क** : (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुबाट अनुसूची- २३ वमोजिम पर्यटन प्रवेश शुल्क लगाई असुल गर्नेछ ।

(२) उपदफा (१) वमोजिमको पर्यटन शुल्क सम्बन्धी कार्यविधि प्रदेश कानुन वमोजिम हुनेछ ।

(३) उपदफा (१) वमोजिम संकलित रकम स्थानीय विभाज्यकोषमा जम्मा गरिनेछ ।

(४) उपदफा (३) वमोजिम संकलन भएको रकम प्रदेश कानून वमोजिम बाँडफाँड गरि गाउँपालिकाले प्राप्त गर्ने रकम गाउँपालिकाको संचित कोषमा जम्मा गरिनेछ ।

१६. **वन पैदावार शुल्क** : (१) आर्थिक वर्ष २०८२/०८३ मा सिलीचोङ गाउँपालिका क्षेत्रभित्र नेपाल सरकारद्वारा सामुदायिक वनको रुपमा हस्तान्तरण गरिएका राष्ट्रिय वन मध्ये उपभोक्ता समूहले कानुन बमोजिम कार्ययोजना

बनाई निकालिएको र नेपाल सरकारले बिक्री वितरणमा रोक लगाइएका बाहेकका काठ उपभोक्ता समूह बाहिर व्यापारिक प्रयोजनको लागि बिक्री गरेमा त्यसरी बिक्री गरि प्राप्त गरेको रकममा दश प्रतिशत रकम वन पैदावार शुल्क वापत स्थानीय संचित कोषमा दाखिला गरिनेछ ।

(२) उपदफा (१) वमोजिम उपभोक्ता समूह बाहिर व्यापारिक प्रयोजनको लागि काठ बिक्री गरि उपभोक्ता समूहले प्राप्त गरेको रकम सामुदायिक वनको संरक्षण, संवर्द्धन, वातावरण संरक्षण र स्थानिय विकाससँग सम्बन्धित कार्यमा खर्च गर्नुपर्नेछ ।

(३) वनपैदावार शुल्क सम्बन्धी कार्यविधि प्रदेश कानूनले निर्धारण गरे वमोजिम हुनेछ ।

१७. **दण्ड जरिवाना** : (१) गाउँपालिकाभित्र कुनै व्यक्ति, संस्था वा निकायले स्थानीय कानूनको उल्लंघन गरेको पाइएमा दण्ड जरिवाना गर्न सक्नेछ ।

(२) यस ऐनको उल्लंघन बापत दण्ड र जरिवानाको दर यसै ऐनमा उल्लेख भएकोमा सोही वमोजिम र उल्लेख नभएकोमा प्रचलित कानून वमोजिम हुनेछ ।

२१. **दर घटाउन, बढाउन वा छुट दिन सकिने** : (१) यस ऐन वमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि गाउँपालिकाले मुनाफारहित सार्वजनिक तथा सामुदायिक संस्था, नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठित संस्थाहरुलाई मालपोत कर छुट गरिएको छ । त्यस्ता निकायलाई यस ऐन वमोजिम लाग्ने अन्य दस्तुर, शुल्क र करको दर घटाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ ।

(३) महिलाहरुलाई स्वारोजगार र आत्मसम्मानित बनाउनका लागि महिलाको नाममा दर्ता हुन आउने उद्योग व्यवसायमा ५० % छुट दिइनेछ ।

(४) अपाङ्गता भएका व्यक्ति र एकल महिलाद्धारा संचालित उद्योग, फर्म/व्यवसाय दर्तामा गाउँपालिकामा लिइने कर शत प्रतिशत छुट गरिनेछ ।

(५) गाउँपालिका क्षेत्रभित्र सामुदायिक विद्यालयमा अध्ययन गर्ने अपाङ्गता भएका तथा दलित विद्यार्थीहरुलाई विद्यालयमा कुनै प्रकारको शुल्क लाग्ने तथा लगाइने छैन ।

(६) सामाजिक सुरक्षा भत्ता प्रयोजन, आर्थिक सहायता, दैवि प्रकोप, स्वास्थ्य उपचार को लागि लिइने सबै सिफारिसहरु निशुल्क गरिएको छ ।

(७) अपाङ्गता भएका नागरिकहरुलाई नागरिकता सिफारिस निशुल्क गरिएको छ ।

(८) आर्थिक कारोवार गर्ने सहकारी बाहेक महिलाहरुद्धारा संचालित संस्था/संजाल/समिति, टोल विकास संस्था, स्थानीय लघु उद्यमी समूह/समिति, स्थानीय मठ मन्दिर गुम्बा चर्च चावा कुलो दर्ता तथा नविकरण निशुल्क गरिएको छ ।

२२. **आयठेक्का वन्दोवस्त सम्बन्धी व्यवस्था :** (१) गाउँपालिकाले असुल गर्ने कर तथा सेवा शुल्क असुलीका लागि आय ठेक्का वन्दोवस्त गर्न सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको ठेक्का प्रयोजनको लागि न्यूनतम कबोल अंक राजश्व परामर्श समितिको सिफारिसमा गाउँकार्यपालिकाले कबोल अंक कायम गरि ठेक्का प्रक्रिया अगाडी बढाउनेछ ।

२३. **प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकाउन सक्ने :** (१) प्रचलित करसम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भिर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा विपद्को कारणले उल्लेखित कानूनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा, कुनै जटिलता देखिएमा वा उल्लेखित कानून तथा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ पर्न गएमा कार्यपालिकाले आवश्यकता अनुसार अवधी थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ ।

(२) यस ऐनमा उल्लेख नभएका कुनै पनि विषयका दररेटहरु तत्काल निर्धारण गर्नुपर्ने भएमा सोहि विषयसँग मिल्दोजुल्दो अर्को विषयको दररेटलाई आधार मानि दर कायम गरिनेछ ।

२४. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची — १ (क)

दफा (२) को उपदफा (१) सँग सम्बन्धित

सम्पत्ति करको दर (आ.व.०८१/०८२)

यस गाउँपालिकाबाट आ.व. ०८२/०८३ मा निर्धारित न्यूनतम दरमा नबढ्ने गरी स्वयम् कर निर्धारणको आधारमा मूल्याङ्कन गरि तपशिल वमोजिम एकिकृत सम्पत्ति कर लिइनेछ ।

| क स | सम्पत्तिको मूल्य रु. | एकाइ | आवृत्ति | दर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | १,००,००० सम्म | एकमुष्ट | वार्षिक | ९० | |
| २ | १,००,००१ देखि २,००,००० सम्म | एकमुष्ट | वार्षिक | २०० | |
| ३ | २,००,००१ देखि ५,००,००० सम्म | एकमुष्ट | वार्षिक | ३०० | |
| ४ | ५,००,००१ देखि ७,५०,००० सम्म | एकमुष्ट | वार्षिक | ४०० | |
| ५ | ७,५०,००१ देखि १०,००,००० सम्म | एकमुष्ट | वार्षिक | ५०० | |
| ६ | १०,००,००१ देखि १२,५०,००० सम्म | एकमुष्ट | वार्षिक | ५९० | |
| ७ | १२,५०,००१ देखि १५,००,००० सम्म | एकमुष्ट | वार्षिक | ७०० | |
| ८ | १५,००,००१ देखि १७,५०,००० सम्म | एकमुष्ट | वार्षिक | ७८० | |
| ९ | १७,५०,००१ देखि २०,००,००० सम्म | एकमुष्ट | वार्षिक | ८८० | |
| १० | २०,००,००१ देखि २५,००,००० सम्म | एकमुष्ट | वार्षिक | ११८० | |
| ११ | २५,००,००१ देखि २७,००,००० सम्म | एकमुष्ट | वार्षिक | १८७० | |
| १२ | २७,००,००१ देखि २९,००,००० सम्म | एकमुष्ट | वार्षिक | २०५० | |
| १३ | २९,००,००१ देखि ३०,००,००० सम्म | एकमुष्ट | वार्षिक | २४४० | |
| १४ | ३०,००,००१ देखि ३५,००,००० सम्म | एकमुष्ट | वार्षिक | २९३० | |
| १५ | ३५,००,००१ देखि ४०,००,००० सम्म | एकमुष्ट | वार्षिक | ३९०० | |
| १६ | ४०,००,००१ देखि ४५,००,००० सम्म | एकमुष्ट | वार्षिक | ५५०० | |
| १७ | ४५,००,००१ देखि ५०,००,००० सम्म | एकमुष्ट | वार्षिक | ६८२० | |
| १८ | ५०,००,००१ देखि ५५,००,००० सम्म | एकमुष्ट | वार्षिक | ७७०० | |
| १९ | ५५,००,००१ देखि ६०,००,००० सम्म | एकमुष्ट | वार्षिक | ११००० | |
| २० | ६०,००,००१ देखि ७०,००,००० सम्म | एकमुष्ट | वार्षिक | १५४०० | |
| २१ | ७०,००,००१ देखि ८०,००,००० सम्म | एकमुष्ट | वार्षिक | १७७१० | |
| २२ | ८०,००,००१ देखि १,००,००,००० सम्म | एकमुष्ट | वार्षिक | २६६२० | |
| २३ | १,००,००,००१ देखि २,००,००,००० सम्म | एकमुष्ट | वार्षिक | ४४५५० | |
| २४ | २,००,००,००१ देखि ३,००,००,००० सम्म | एकमुष्ट | वार्षिक | ७१५०० | |
| २५ | ३,००,००,००१ देखि ४,००,००,००० सम्म | एकमुष्ट | वार्षिक | ८९१०० | |
| २६ | ४,००,००,००१ देखि ५,००,००,००० सम्म | एकमुष्ट | वार्षिक | १२६५०० | |
| २७ | ५,००,००,००१ देखि माथि | एकमुष्ट | वार्षिक | १६५००० | |

नोट : १. माथि उल्लेखित अनुसारको कर दोस्रो चौमासिक (चैत्र) मसान्त भित्र बुझाई सक्नुपर्नेछ । पहिलो चौमासिक (कार्तिक मसान्त) भित्र कर बुझाउनेलाई ५ % छुट दिईनेछ । चालु आर्थिक वर्षभित्र नबुझाउनेलाई प्रतिवर्ष ५० % जरिवाना थप असुल उपर गरिनेछ ।

अनुसूची १ (ख)
दफा २ को उपदफा (१) सँग सम्बन्धित
सम्पत्तीको मूल्याङ्कन (आ.व. ०८२/०८३)

घरको मूल्याङ्कन

| क्र.स. | घरको किसिम | एकाइ | आवृत्ति | दर रु. | कैफियत |
|---|---|---|---|---|---|
| ०१ | पक्की घर दुई तला सम्मको | प्रतिघर | वार्षिक | ३५००००० | |
| ०२ | सिमेन्ट मसलामा ढुङ्गाको गारो र जस्ता छाना २ तला सम्मको | प्रतिघर | वार्षिक | २०००००० | |
| ०३ | सिमेन्ट मसलामा ढुङ्गाको गारो जस्ता छाना १ तला सम्मको | प्रतिघर | वार्षिक | १०००००० | |
| ०४ | हिलोमा ढुङ्गाको गारो र जस्ता छाना २ तला सम्मको | प्रतिघर | वार्षिक | १५००००० | |
| ०५ | हिलोमा ढुङ्गाको गारो र जस्ता छाना १ तलाको | प्रतिघर | वार्षिक | ७००००० | |
| ०६ | हिलो ढुङ्गाको गारो खर/पराल छाना | प्रतिघर | वार्षिक | ५००००० | |
| ०७ | खाँवा, सेन्टीबेरा र खर/पराल छाना भएको २ तला सम्मको | प्रतिघर | वार्षिक | ४००००० | |

नोट : १. माथि उल्लेखित अनुसारको कर दोस्रो चौमासिक (चैत्र) मसान्त भित्र बुझाई सक्नुपर्नेछ । पहिलो चौमासिक (कार्तिक मसान्त) भित्र कर बुझाउनेलाई ५ % छुट दिईनेछ । चालु आर्थिक वर्षभित्र नबुझाउनेलाई प्रतिवर्ष ५०% जरिवाना थप असुल उपर गरिनेछ ।

अनुसूची- २

दफा (३) सँग सम्बन्धित

भूमीकर (मालपोत) रकम (आ.व. ०८२/०८३)

मालपोतको दर :सम्पत्ती कर लाग्ने जग्गा बाहेकको जग्गाको प्रति रोपनी भूमीकर शुल्क

| क्र. सं. | जग्गाको किसिम | एकाइ | आवृत्ति | दर रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | एकमुष्ट | वार्षिक | १० | |
| २ | आवासिय क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | एकमुष्ट | वार्षिक | २० | |
| ३ | औधोगिक क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | एकमुष्ट | वार्षिक | ३० | |
| ४ | खानी तथा खनिज क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | एकमुष्ट | वार्षिक | ५० | |
| ५ | वन क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | एकमुष्ट | वार्षिक | २० | |
| ६ | नदी, खोला, ताल, सिमसार क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | एकमुष्ट | वार्षिक | १० | |
| ७ | साँस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | एकमुष्ट | वार्षिक | - | |
| ८ | सार्वजनिक उपभोगको क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | एकमुष्ट | वार्षिक | २० | |
| ९ | अन्य क्षेत्रमा पर्ने जग्गा प्रति रोपनी | एकमुष्ट | वार्षिक | २० | |

*नोट : (एकीकृत सम्पत्ती कर लगाएको अवस्थामा भूमि कर नलाग्ने)*

अनूसूची — ३
दफा (४) सँग सम्बन्धित
वहाल करको दर (आ.व. २०८२/०८३)

| संकेत | विवरण | एकाइ | आवृत्ति | दर |
|---|---|---|---|---|
| **11317** | **घर बहाल कर** | | | |
| **1131701** | **घर बहालमा** | | | |
| 113170101 | आवासिय प्रयोजनको लागि घरवहाल कर | एकमुष्ठ | वार्षिक | बहाल रकमको ७% |
| 113170102 | अन्य प्रयोजनको लागि घरवहाल कर | एकमुष्ठ | वार्षिक | बहाल रकमको १०% |
| **1131702** | **जग्गा बहालमा** | | | |
| 113170201 | कृषि प्रयोजनका लागि जग्गा लिजमा लिएको बहाल कर (दर्तावाला व्यवसायिक फर्म, समुह, संस्थाहरुको लागि मात्र) | एकमुष्ठ | वार्षिक | संझौता रकमको ५% |
| 113170202 | औधोगिक प्रयोजनका लागि जग्गा लिजमा लिएको बहाल कर | एकमुष्ठ | वार्षिक | संझौता रकमको १०% |
| 113170203 | व्यापारिक प्रयोजनका लागि जग्गा लिजमा लिएको बहाल कर | एकमुष्ठ | वार्षिक | संझौता रकमको १० % |

अनुसूची — ४

(दफा (५) सँग सम्बन्धित)

बहाल विटौरी शुल्कको दर (आ.व. २०८२/०८३)

| क. स. | विवरण | इकाइ | आवृत्ति | दर रु. | कैफियत |
|---|---|---|---|---|---|
| 11318 | **बहाल विटौरी कर** | | | | |
| 1131801 | **सार्वजनिक स्थलमा बनेका घर टहरा** | | | | |
| 113180101 | सार्वजनिक स्थलमा निर्माण गरेका टहराहरु | प्रति वर्ग फिट | मासिक | २५ | मासिक |
| **1131802** | **साप्ताहिक हाट बजारमा थाप्ने पसलहरु (साप्ताहिक रुपमा लाग्ने हाटबजार)** | | | | |
| **113180201** | **कपडा पसल** | | | | |
| | ठूला पसल | प्रति हाट प्रति पसल | साप्ताहिक | १०० | |
| | मझौला पसल | प्रति हाट प्रति पसल | साप्ताहिक | ५० | |
| | साना पसल | प्रति हाट प्रति पसल | साप्ताहिक | ३० | |
| **113180202** | **किराना पसल** | | | | |
| | ठूला | प्रति हाट प्रति पसल | साप्ताहिक | ५० | |
| | मझौला | प्रति हाट प्रति पसल | साप्ताहिक | ३० | |
| | साना | प्रति हाट प्रति पसल | साप्ताहिक | २० | |
| **113180203** | **चिया पसल/नास्ता पसल** | | | | |
| | ठूला | प्रति हाट प्रति पसल | साप्ताहिक | ८० | |
| | मझौला (चना/चटपटे, थुक्पा, म:म, अन्य ) | प्रति हाट प्रति पसल | साप्ताहिक | ५० | |
| | साना (चिया मात्र ) | प्रति हाट प्रति पसल | साप्ताहिक | २० | |
| **113180204** | **वधशाला** | | | | |
| | व्यवस्थित वधशाला | प्रति हाट प्रति पसल | साप्ताहिक | १०० | |
| | अन्य वधशाला | प्रति हाट प्रति पसल | साप्ताहिक | ५० | |
| **113180205** | **सब्जी/फलफूल पसल** | | | | |
| | ठूला | प्रति हाट प्रति पसल | साप्ताहिक | ३० | |
| | मझौला | प्रति हाट प्रति पसल | साप्ताहिक | २० | |
| | साना | प्रति हाट प्रति पसल | साप्ताहिक | १० | |
| **113180206** | **पशु/पंछी/चौपाया** | | | | |
| | खसी/बोका/बाख्रा/बंगुर/सुगुर/भैसी/रागा/गोरु तथा अन्य पशु | प्रतिहाट/प्रतिगोटा | साप्ताहिक | ५० | |
| | बंगुर/बाख्रा पाठा पाठी | प्रतिहाट/प्रतिगोटा | साप्ताहिक | २० | |
| | कुखुरा/परेवा/हाँस तथा अन्य पंछी | प्रतिहाट/प्रतिगोटा | साप्ताहिक | १० | |
| **113180207** | **अन्य पसलहरु** | | | | |
| | अन्य | प्रति हाट प्रति पसल | साप्ताहिक | २० | |
| **113180208** | **मानिसले बोकेर डुलाएर बेच्ने वस्तुहरु प्रतिव्यक्ति** | **प्रति हाट प्रति पसल** | **साप्ताहिक** | **१०** | |

*नोट : माथि उल्लिखित शुल्क गाउँपालिकाबाट व्यवस्थित बजार निर्माण तथा संचालन भएपश्चात मात्र संकलन गरिनेछ ।*

अनुसूची — ५

(दफा (६) सँग सम्बन्धित)

सवारी साधन कर (आ.व. ०८२/०८३)

| संकेत | विवरण | एकाइ | आवृत्ति | दर | कैफियत |
|---|---|---|---|---|---|
| 11451 | **सवारी साधन कर (साना सवारी)** | | | | |
| 1145101 | **साना सवारी साधन दर्ता/ नविकरण** | | | | |
| 114510101 | तीनपाङ्ग्रे सवारी साधन दर्ता | प्रति सवारी साधन | वार्षिक | रु. ३००० | |
| 114510102 | तीनपाङ्ग्रे सवारी साधन नविकरण | प्रति सवारी साधन | वार्षिक | रु. १५०० | |
| 114510103 | तीनपाङ्ग्रे सवारी साधनको नविकरण जरिबाना थप (प्रतिवर्ष) | प्रति सवारी साधन | वार्षिक | नविकरण शुल्कको १० % | |

अनुसूची — ६

(दफा (७) सँग सम्बन्धित)

पूर्वाधार सेवाको उपयोगमा लाग्ने करको दर ( आ.व. ०८२/०८३)

| संकेत | सेवा विवरण | एकाइ | आवृति | दर रु. | कैफियत |
|---|---|---|---|---|---|
| 11452 | पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर | | | | |
| 1145201 | स्थानीय सडक मर्मत सम्भार तथा सरसफाई शुल्क | | | | |
| ०१ | एल्पी | वटा | वार्षिक | ५००० | |
| ०२ | बस | वटा | वार्षिक | ५००० | |
| ०३ | डोजर, एक्साभेटर | वटा | वार्षिक | ६००० | |
| ०४ | ब्याकहुलोडर | वटा | वार्षिक | ४५०० | |
| ०५ | टिफर | वटा | वार्षिक | ५००० | |
| ०६ | स्वाराज | वटा | वार्षिक | ४००० | |
| ०७ | टेम्पो | वटा | वार्षिक | १००० | |
| ०८ | ट्याक्टर | वटा | वार्षिक | ३००० | |
| ०९ | ट्याक्सी/बोलेरो | वटा | वार्षिक | २००० | |
| 1145201 | स्थानीय सडक मर्मत सम्भार तथा सरसफाई शुल्क | वटा | पटक | | गाउँपालिकामा व्यवसाय दर्ता नगरेका व्यवसायीहरु/ वार्षिक शुल्क नतिरेका व्यवसायीहरुको लागि मात्र |
| ०१ | एल्पी | | | ३०० | |
| ०२ | बस | | | १०० | |
| ०३ | डोजर, एक्साभेटर | | | ३०० | |
| ०४ | ब्याकहुलोडर | | | २०० | |
| ०५ | टिफर | | | १५० | |
| ०६ | स्वाराज | | | १०० | |
| ०७ | टेम्पो | | | १० | |
| ०८ | ट्याक्टर | | | ५० | |
| ०९ | ट्याक्सी/बोलेरो | | | ४० | |

अनुसूची — ७
(दफा (८) सँग सम्बन्धित)
प्रदेश सरकारबाट लगाइएको मनोरंजन करको दर (आ.व. ०८२/०८३)
प्रदेश सरकारको आर्थिक ऐन, २०८२ मा उल्लेख भए अनुसार

अनुसूची — ८
(दफा (९) सँग सम्बन्धित)
विज्ञापन करको दर (आ.व. ०८२/०८३)
(प्रदेश सरकारबाट लगाइएको विज्ञापन करको दर प्रदेश सरकारको आर्थिक ऐन, २०८२ मा उल्लेख भए अनुसार)

| **संकेत नं** | **वस्तु** | **एकाइ** | **आवृत्ति** | **दर (रु)** | **कैफियत** |
|---|---|---|---|---|---|
| 33343 | विज्ञापन कर | | | ० | |
| 3334301 | — | — | — | — | — |

अनुसूची — ९

व्यवसाय करको दर

(दफा- १० सँग सम्बन्धित )

**(क) व्यवसायको दर्ता र नविकरणमा लाग्ने व्यवसाय करको दर**

| कोड | व्यवसायको विवरण | एकाइ | आवृत्ति | दर (रु) | | कैफियत |
|---|---|---|---|---|---|---|
| **14253** | **व्यवसाय रजिष्ट्रेशन दस्तुर** | | | **दर्ता** | **नविकरण** | |
| 1425301 | खुद्रा तथा थोक व्यापार | | | | | |
| 142530101 | गहना | | | | | |
| 14253010101 | सून चाँदी खरिद विक्रि र गहना तयार गरि बेच्ने पसल | | वार्षिक | ५००० | ४००० | |
| **142530102** | **इलेक्ट्रोनिक पसलहरु** | | | **दर्ता** | **नविकरण** | |
| 14253010201 | इलेक्ट्रोनिक पसल थोक विक्रेता | | वार्षिक | ५००० | ४००० | |
| 14253010202 | इलेक्ट्रोनिक पसल खुद्रा विक्रेता | | वार्षिक | ३००० | २००० | |
| 142530103 | मदिरा, सुर्तीजन्य र पेय पदार्थ | | | **दर्ता** | **नविकरण** | |
| 14253010301 | मदिरा र सुर्तीजन्य वस्तुको थोक विक्रेता | | वार्षिक | ५००० | ४००० | |
| 14253010302 | मदिरा र सुर्तीजन्य वस्तुको खुद्रा विक्रेता | | वार्षिक | ४००० | ३००० | |
| 14253010303 | कोक, फेन्टा र अन्य साधारण पेय पदार्थ थोक विक्रेता | | वार्षिक | ३००० | २५०० | |
| 14253010304 | कोक, फेन्टा र अन्य साधारण पेय पदार्थ खुद्रा विक्रेता | | वार्षिक | २००० | १५०० | |
| 14253010305 | स्थानीय इजाजत प्राप्त भएका भट्टीबाट उत्पादित सबै प्रकारका मदिरा बेच्ने पसल वा भट्टी थोक विक्रेता | | वार्षिक | १००० | ७०० | |
| 14253010306 | स्थानीय इजाजत प्राप्त भएका भट्टीबाट उत्पादित सबै प्रकारका मदिरा बेच्ने पसल वा भट्टी खुद्रा | | वार्षिक | ७०० | ३०० | |
| 142530104 | **हार्डवेयर पसल** | | | **दर्ता** | **नविकरण** | |
| 14253010401 | छड, सिमेन्ट, रङरोगन र अन्य निर्माण सामग्रीको थोक हार्डवेयर पसल | | वार्षिक | ४००० | ३००० | |
| 14253010402 | छड, सिमेन्ट, रङरोगन र अन्य निर्माण सामग्रीको खुद्रा हार्डवेयर पसल | | | २००० | १००० | |
| 142530105 | **शो रुम** | | | **दर्ता** | **नविकरण** | |
| 14253010501 | मोटरसाइकल शो रुम | | वार्षिक | ४२०० | ४००० | |
| 14253010502 | ट्याक्टर शो रुम | | वार्षिक | ७००० | ५००० | |
| 14253010503 | साइकल शो रुम | | वार्षिक | २८०० | २००० | |
| 14253010504 | कार शो रुम | | वार्षिक | ८००० | ७००० | |
| 142530106 | **मोटरपार्टस पसल** | | | **दर्ता** | **नविकरण** | |
| 14253010601 | मोटरसाइकल टायर, मोबिल तथा पार्टस पसल | | वार्षिक | ४२०० | ३८०० | |
| 14253010602 | ट्र्याक्टर टायर, मोबिल तथा पार्टस पसल | | वार्षिक | ६६०० | ५००० | |

| कोड | व्यवसायको विवरण | एकाइ | आवृत्ति | दर (रु) | | कैफियत |
|---|---|---|---|---|---|---|
| 14253010603 | साइकल टायर, मोबिल तथा पार्टस पसल | | वार्षिक | १५४० | १००० | |
| 14253010604 | कार टायर, मोबिल तथा पार्टस पसल | | वार्षिक | ७००० | ६००० | |
| 142530107 | **वर्कसप** | | | दर्ता | नविकरण | |
| 14253010701 | मोटरसाइकल वर्कसप | | वार्षिक | ३००० | २८०० | |
| 14253010702 | ट्र्याक्टर वर्कसप | | वार्षिक | ४२०० | ४००० | |
| 14253010703 | कार वर्कसप | | वार्षिक | ५००० | ४००० | |
| 14253010704 | साइकल वर्कसप | | वार्षिक | १५०० | १००० | |
| 14253010705 | सबै प्रकारको दुई पाङ्ग्रे र चार पाङ्ग्रे गाडीको पार्टस पुर्जा विक्रि गर्ने तथा वर्कसप | | वार्षिक | ५००० | ४५०० | |
| 142530108 | **दैनिक उपभोगका वस्तुहरु, खाद्यान्न तथा किराना, कपडा, पेयपदार्थ पसल** | | | दर्ता | नविकरण | |
| 14253010801 | ठूलो (५ लाख भन्दा माथि) | | वार्षिक | ४००० | ३००० | |
| 14253010802 | मध्यम (१-५ लाख) | | वार्षिक | २५०० | २००० | |
| 14253010803 | साना (१ लाख सम्म) | | वार्षिक | १००० | ७०० | |
| 14253010804 | किराना पसल मात्र | | | दर्ता | नविकरण | |
| 1425301080401 | ठूलो (५ लाख भन्दा माथि) | | वार्षिक | ३५०० | २५०० | |
| 1425301080402 | मध्यम (१-५ लाख ) | | वार्षिक | २००० | १५०० | |
| 1425301080403 | साना ( १ लाख सम्म) | | वार्षिक | ७०० | ५०० | |
| 142530109 | **कपडा, जुत्ता तथा फेन्सी पसल** | | | दर्ता | नविकरण | |
| 14253010901 | ठूलो (५ लाख भन्दा माथि) | | वार्षिक | ४००० | ३००० | |
| 14253010902 | मध्यम (१-५ लाख) | | वार्षिक | २००० | १५०० | |
| 14253010903 | साना (१ लाख सम्म) | | वार्षिक | १००० | ५०० | |
| **142530110** | **डिलरसिप लिएको ईन्टरप्राइजेज खाद्य सामग्री र अन्य सामानहरुको थोक विक्रेता** | | | ६००० | ५००० | |
| 142530111 | **कृषि उत्पादन व्यापार** | | | दर्ता | नविकरण | |
| 14253011101 | ठूलो (५ लाख भन्दा माथि) | | वार्षिक | २००० | १५०० | |
| 14253011102 | मध्यम (१-५ लाख ) | | वार्षिक | १५०० | १००० | |
| 14253011103 | साना ( १ लाख सम्म) | | वार्षिक | १००० | ५०० | |
| 142530112 | **इन्धन कारोवार** | | | दर्ता | नविकरण | |
| 14253011201 | पेट्रोल पम्प | | वार्षिक | १०००० | ७००० | |
| 142530113 | **अन्य पसल व्यवसाय** | | | दर्ता | नविकरण | |
| 14253011301 | कृषि सामग्री तथा भेटेरिनरी | | वार्षिक | २००० | १५०० | |
| 14253011302 | स्टेशनरी तथा पुस्तक | | वार्षिक | २००० | १५०० | |
| 14253011303 | फुल र विरुवा बिक्रेताहरु | | वार्षिक | २००० | १५०० | |
| 14253011304 | स्टिल, काठ, फर्निचर विक्रेता | | वार्षिक | ५००० | ४००० | |
| 14253011305 | खेलौना, उपहार विक्रेता | | वार्षिक | ३००० | २५०० | |
| 14253011306 | सिसा तथा प्लाइउड विक्रेता | | वार्षिक | ५००० | ४००० | |
| 14253011307 | फोटो सुट व्यवसाय | | वार्षिक | ५००० | ४००० | |

| कोड | व्यवसायको विवरण | एकाइ | आवृत्ति | दर (रु) | | कैफियत |
|---|---|---|---|---|---|---|
| 14253011308 | दुध तथा डेरी सामग्री पसल | | वार्षिक | २००० | १५०० | |
| 14253011309 | रुद्राक्षबाट निर्मित सामग्री बेचविखन पसल | | वार्षिक | १५०० | १००० | |
| 1425302 | **उत्पादन र औधोगिक** | | | दर्ता | नविकरण | |
| 142530201 | **ब्लक, ईटा तथा टायल उद्योग** | | | | | |
| 14253020101 | ठूलो ( १५ लाख भन्दा माथि) | | वार्षिक | ५००० | ४००० | |
| 14253020102 | मध्यम (१०-१५ लाख सम्म) | | वार्षिक | ३००० | २५०० | |
| 14253020103 | सानो (१-१० लाख सम्म) | | वार्षिक | २५०० | २००० | |
| 142530202 | **घरेलु उद्योग** | | | दर्ता | नविकरण | |
| 14253020201 | कुटानी पिसानी मिल (१ - ५ हर्सपावर ) | | वार्षिक | १००० | ७०० | |
| 14253020202 | कुटानी पिसानी मिल (५ - १० हर्सपावर ) | | वार्षिक | १५०० | १००० | |
| 14253020203 | कुटानी पिसानी मिल (१० - १५ हर्सपावर ) | | वार्षिक | २००० | १५०० | |
| 14253020204 | कुटानी पिसानी मिल (१५ - २६ हर्सपावर ) | | वार्षिक | २५०० | २००० | |
| 14253020205 | माथि बाहेकका साना घरेलु उद्योग | | वार्षिक | २००० | १००० | |
| 142530203 | उर्जा सम्बन्धित उद्योगहरु | | | दर्ता | नविकरण | |
| | सौर्य उर्जा | | | | | |
| 14253020301 | ठूलो (१५ लाख भन्दा माथि) | | वार्षिक | २००० | १५०० | |
| 14253020302 | मध्यम ( १० देखि १५ लाख सम्म) | | वार्षिक | १५०० | १००० | |
| 14253020303 | सानो ( १ देखि १० लाख सम्म) | | वार्षिक | १००० | ८०० | |
| 142530204 | **कृषि तथा वनजन्य उद्योग** | | | दर्ता | नविकरण | |
| 14253020401 | समिल — काठ चिरान गरि बेच्ने | | वार्षिक | १०००० | ८००० | |
| 14253020402 | काठबाट निर्मित फर्निचर तयार गरि बेच्ने | | वार्षिक | २५०० | २२०० | |
| 14253020403 | कृषि औजार निर्माण गरि विक्री गर्ने | | वार्षिक | १००० | ६०० | |
| 14253020404 | काठ चिरान गर्ने हाते मेसिन | | वार्षिक | १५०० | १००० | |
| 14253020405 | पाउरोटी, बिस्कुट, आइसक्रिम, मैनबत्ती, अगरबत्ती, पापड मसला, चटपटे, नुडल्स, थुप्पा आदि घरेलु उद्योग | | वार्षिक | २००० | १५०० | |
| 142530205 | **डेरी तथा दूधजन्य खाद्य उत्पादन उद्योग** | | | दर्ता | नविकरण | |
| 14253020501 | ठूलो (१० लाख भन्दा माथि) | | वार्षिक | २००० | १५०० | |
| 14253020501 | मध्यम (५ देखि १० लाख सम्म ) | | वार्षिक | १५०० | १००० | |
| 14253020501 | सानो (१ देखि ५ लाख सम्म) | | वार्षिक | १००० | ५०० | |
| 142530206 | **खनिज उद्योग** | | | दर्ता | नविकरण | |
| 14253020601 | ठूलो (१५ लाख भन्दा माथि) | | वार्षिक | ५००० | ४००० | |
| 14253020602 | मध्यम (१० देखि १५ लाख सम्म ) | | वार्षिक | ४००० | ३००० | |
| 14253020603 | सानो (१ देखि १० लाख सम्म) | | वार्षिक | ३००० | २००० | |
| 142530207 | **उत्पादनमूलक निर्माण** | | | दर्ता | नविकरण | |
| 14253020701 | ठूलो (१५ लाख भन्दा माथि) | | वार्षिक | ४००० | ३००० | |
| 14253020702 | मध्यम (१० देखि १५ लाख सम्म ) | | वार्षिक | ३००० | २५०० | |

| कोड | व्यवसायको विवरण | एकाइ | आवृत्ति | दर (रु) | | कैफियत |
|---|---|---|---|---|---|---|
| 14253020703 | सानो (१ देखि १० लाख सम्म) | | वार्षिक | २००० | १५०० | |
| 142530208 | **अन्य सेवा उद्योग (परिवहन, फोटोग्राफी, स्टेशनरी, खेलकुद, पत्रपत्रिका, हवाइसेवा, शीतभण्डार, सार्वजनिक परिवहन, छापाखाना, जिनिङ तथा वेलिङ, चलचित्र, चिस्यान केन्द्र, आदि)** | | | दर्ता | नविकरण | |
| 14253020801 | ठूलो (१५ लाख भन्दा माथि) | | वार्षिक | ५००० | ४००० | |
| 14253020802 | मध्यम (१० देखि १५ लाख सम्म ) | | वार्षिक | ३००० | २५०० | |
| 14253020803 | सानो (१ देखि १० लाख सम्म) | | वार्षिक | २५०० | २००० | |
| 1425303 | **विशेषज्ञ परामर्श र व्यवसायिक सेवा** | | | दर्ता | नविकरण | |
| 142530301 | **विशेषज्ञ परामर्श र व्यापार सेवाहरु** | | | | | |
| 14253030101 | चिकित्सक | | वार्षिक | ५००० | ४००० | |
| 14253030102 | कविराज | | वार्षिक | ४००० | ३५०० | |
| 14253030103 | इन्जिनियर | | वार्षिक | ५००० | ४००० | |
| 14253030104 | कानून व्यवसायी | | वार्षिक | ५००० | ४००० | |
| 14253030105 | लेखा परिक्षक | | वार्षिक | ५००० | ४००० | |
| 14253030106 | अनुसन्धानकर्ता तथा परामर्शदाता | | वार्षिक | ५००० | ४००० | |
| 14253030107 | विमा एजेन्ट तथा अभिकर्ता | | वार्षिक | ५००० | ४००० | |
| 14253030108 | पशु चिकित्सक | | वार्षिक | ५००० | ४००० | |
| 14253030109 | दन्त चिकित्सक | | वार्षिक | ५००० | ४००० | |
| 14253030110 | सेयर ब्रोकर | | वार्षिक | ५००० | ४००० | |
| 14253030111 | कम्प्युटर विश्लेषक र प्रोगामर | | वार्षिक | ५००० | ४००० | |
| 14253030112 | सर्वेयर | | वार्षिक | ५००० | ४००० | |
| 14253030113 | अनुवादक | | वार्षिक | ५००० | ४००० | |
| 14253030114 | तालिमप्राप्त कालिगढ | | वार्षिक | ५००० | ४००० | |
| 14253030115 | घर नक्सा निर्माण गर्ने प्राविधिक | | वार्षिक | ५००० | ४००० | |
| 14253030116 | सामान ढुवानीकर्ता तथा कम्पनी | | वार्षिक | ५००० | ४००० | |
| 14253030117 | गिट्टी बालुवा खरिद विक्री तथा सप्लायर्स | | वार्षिक | ५००० | ४००० | |
| 142530302 | **परामर्श सेवा फर्म** | | वार्षिक | ५००० | ४००० | |
| 142530303 | **घर नक्सा निर्माण फर्महरु** | | वार्षिक | ५००० | ४००० | |
| 1425304 | **निर्माण र घर जग्गा** | | | दर्ता | नविकरण | |
| 142530401 | **निर्माणकर्ताहरु** | | | | | |
| 14253040101 | गाउँपालिकामा प्रधान कार्यालय भएको | | वार्षिक | ३००० | २५०० | |
| 14253040102 | गाउँपालिकामा प्रधान कार्यालय नभएको | | वार्षिक | ५००० | ४००० | |
| 142530402 | **निर्माण व्यवसाय (घ वर्ग)** | | | दर्ता | नविकरण | |
| 14253040201 | निर्माण व्यवसाय | | वार्षिक | ४००० | ३००० | |
| 1425305 | **पर्यटन र आतिथ्य** | | | | | |
| 142530501 | **होटल व्यवसाय** | | | दर्ता | नविकरण | |
| 14253050101 | ठूलो (खाना र लज सहित १० बेड देखि | | वार्षिक | ४००० | ३००० | |

| कोड | व्यवसायको विवरण | एकाइ | आवृत्ति | दर (रु) | | कैफियत |
|---|---|---|---|---|---|---|
| | माथि) | | | | | |
| 14253050102 | खाना, नास्ता, मदिरा, मासु बेच्ने लज सहितको | | वार्षिक | ३००० | २००० | |
| 14253050103 | खाजा, खाना,मासु, चिया मात्र बिक्री गर्ने होटल साधारण | | वार्षिक | १५०० | १००० | |
| 14253050104 | खाना नास्ताका शाकाहारी होटल | | वार्षिक | १००० | ८०० | |
| 14253050105 | फास्टफुड रेष्टुरेन्ट कफि हाउस मदिरा बाहेक | | वार्षिक | १५०० | १००० | |
| 14253050106 | रेष्टुरेन्ट एण्ड बार | | वार्षिक | ४००० | ३००० | |
| 14253050107 | होमस्टे | | वार्षिक | १५०० | १००० | |
| 14253050108 | पार्टी प्यालेस | | वार्षिक | ५००० | ४००० | |
| 14253050109 | जुस सेन्टर | | वार्षिक | २००० | १००० | |
| 142530502 | **पर्यटन उद्योग** | | | दर्ता | नविकरण | |
| 14253050201 | ठूलो (१५ लाख भन्दा माथि) | | वार्षिक | ३००० | २५०० | |
| 14253050202 | मध्यम(१० देखि १५ लाख सम्म ) | | वार्षिक | २५०० | २००० | |
| 14253050203 | सानो (१ देखि १० लाख सम्म) | | वार्षिक | २००० | १५०० | |
| 142530503 | **फुटसल, जीम, पुल हाउस तथा इनडोर खेल, शारिरिक व्यामशाला** | | वार्षिक | २००० | २००० | |
| 142530504 | **साहसिक खेल तथा मनोरञ्जन व्यवसाय** | | | दर्ता | नविकरण | |
| 14253050401 | प्यारागलाइडिङ | | वार्षिक | १०००० | ८००० | |
| 14253050402 | जीपलाइन/स्काइवाक/रोप | | वार्षिक | १०००० | ८००० | |
| 14253050403 | बन्जी जम्प | | वार्षिक | ७००० | ५००० | |
| 14253050404 | साइक्लिङ | | वार्षिक | ५००० | ३००० | |
| 14253050405 | बिजुली र पेट्रोलियमद्वारा संचालित अन्य व्यवसाय | | वार्षिक | १०००० | ८००० | |
| 14253050406 | रोटेपिङ तथा मिनीमेला व्यवसाय | | पटक | २००० | १५०० | |
| 1425306 | **स्वास्थ्य सेवाहरु** | | | दर्ता | नविकरण | |
| 142530601 | निजी क्षेत्रको अस्पताल तथा नर्सिङ होम | | वार्षिक | ५००० | ४००० | |
| 142530602 | पोलिक्लिनीक/क्लिनीक | | वार्षिक | ४००० | ३५०० | |
| 142530603 | ल्याब/डाइगनोष्टिक सेन्टर | | वार्षिक | ४००० | ३५०० | |
| 142530604 | आयुर्वेदिक तथा होमियोपेथिक अस्पताल | | वार्षिक | ४००० | ३५०० | |
| 142530605 | आयुर्वेद क्लिनीक | | वार्षिक | ४००० | ३५०० | |
| 142530606 | फार्मेशी/मेडीकल/औषधी पसल | | वार्षिक | ४००० | ३५०० | |
| 142530607 | गैह्र सरकारी अस्पताल | | वार्षिक | ५००० | ४००० | |
| 142530608 | औषधी थोक विक्रेता | | वार्षिक | ५००० | ४००० | |
| 142530609 | औषधी खुद्रा पसल | | वार्षिक | ४००० | ३५०० | |
| 1425307 | **शिक्षा सेवाहरु** | | | दर्ता | नविकरण | |
| 142530701 | **निजी क्षेत्रका विद्यालय, विश्वविद्यालय** | | | | | |
| 14253070101 | आधारभूत तह | | वार्षिक | १४१० | १००० | |

| कोड | व्यवसायको विवरण | एकाइ | आवृत्ति | दर (रु) | | कैफियत |
|---|---|---|---|---|---|---|
| 14253070102 | माध्यमिक तह | | वार्षिक | २०१० | १५०० | |
| 14253070103 | क्याम्पस तथा प्राविधिक शिक्षालय | | वार्षिक | २६८० | २००० | |
| 142530702 | **तालिम, कम्प्युटर र भाषा प्रशिक्षण प्रतिष्ठान** | | | दर्ता | नविकरण | |
| 14253070201 | कम्प्युटर र भाषा प्रशिक्षण संस्था | | वार्षिक | ३५०० | ३००० | |
| 14253070202 | तालिम तथा अध्ययन अनुसन्धान केन्द्र | | वार्षिक | ३५०० | ३००० | |
| 14253070203 | नृत्य, गायन, वाद्यवादन, कला प्रशिक्षण केन्द्र | | वार्षिक | १००० | ८०० | |
| 14253070204 | सिलाई बुनाइ तथा अन्य साना प्रशिक्षण केन्द्र | | वार्षिक | १५०० | १००० | |
| 1425308 | **वित्तिय सेवाहरु** | | | दर्ता | नविकरण | |
| 142530801 | **वाणिज्य बैंकहरु (नेपाल सरकारको पूर्ण स्वामित्व रहेका बाहेक)** | | | | | |
| 14253080101 | निजी क्षेत्रका आर्थिक कारोबार गर्ने वाणिज्य बैंक गाउँपालिकामा शाखा कार्यालय भएको बैंक (क वर्ग) | | वार्षिक | ६०७० | ५००० | |
| 14253080102 | निजी क्षेत्रका आर्थिक कारोबार गर्ने वाणिज्य बैंक गाउँपालिकामा शाखा कार्यालय भएको बैंक (ख वर्ग) | | वार्षिक | ३६४० | ३००० | |
| 14253080103 | निजी क्षेत्रका राष्ट्रियस्तरमा वाणिज्य शाखा कार्यालय बैंक (ग वर्ग) | | वार्षिक | २४३० | २००० | |
| 14253080104 | निजी क्षेत्रका राष्ट्रियस्तरमा वाणिज्य शाखा कार्यालय बैंक (घ वर्ग) | | वार्षिक | १५०० | १२०० | |
| 142530802 | **वित्तिय कारोबार** | | | दर्ता | नविकरण | |
| 14253080201 | लघुवित्त बैङ्किङ आर्थिक कारोबार गर्ने (क वर्ग) | | वार्षिक | ० | ० | |
| 14253080202 | लघुवित्त बैङ्किङ आर्थिक कारोबार गर्ने (ख वर्ग) | | वार्षिक | २८०० | २५०० | |
| 14253080203 | बीमा कम्पनी | | वार्षिक | १०००० | ८००० | |
| 14253080204 | विदेशी मुद्रा सटही काउण्टर | | वार्षिक | ४००० | ३००० | |
| 14253080205 | धितोपत्र कारोबार | | वार्षिक | ३५०० | ३००० | |
| 14253080206 | आर्थिक कारोबार गर्ने सहकारी बैंक तथा संस्थाहरु | | वार्षिक | २५०० | २००० | |
| 142530803 | **रियल स्टेट कारोबार** | | | दर्ता | नविकरण | |
| 14253080301 | हाउजिङ कम्पनी तथा जग्गा खरिद बिक्री कम्पनी | | वार्षिक | १०००० | ८००० | |
| 1425309 | **अन्य सेवाहरु** | | | दर्ता | नविकरण | |
